# प्रसौनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
प्रसौनी, बारा
मधेशप्रदेश, नेपाल

**स्वयंसेवक करार शिक्षक पदपूर्ति सम्बन्धि सूचना ।**
**प्रथम पटक प्रकाशित मिति २०८०/०४/२१**

प्रस्तुत विषयमा यस प्रसौनी गाउँपालिकाको तेह्रौ गाउँसभाको मिति २०८०/०३/३० को निर्णय अनुसार यस गाउँपालिका अन्तर्गत विभिन्न सामुदायिक विधयालयहरुमा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा **स्वयंसेवक करार शिक्षक** पदपूर्ति गर्नुपर्ने आवश्यक भएकोले **"प्रसौनी गाउँपालिकाको विद्यालय शिक्षक , कर्मचारी व्यवस्थापन तथा स्वयंसेवक करार शिक्षक छनौट कार्यविधि , २०८०"**बमोजिम स्वयंसेवक करार शिक्षक पदपूर्तीको लागियोग्यता पुगेका ईच्छुक नेपाली नागरीकहरुले तपसिल अनुसारको तह तथा संख्याको लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएका कागजातहरु र निवेदन दस्तुर सहित आवेदन पेश गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**१. स्वयंसेवक शिक्षकको पदपूर्ति विवरण ।**

**१. वालविकास**

| विज्ञापन नं. | संख्या |
|---|---|
| ०१/०८०/०८१ | ३ |

**२. प्राथमिक तह**

| विज्ञापन नं. | संख्या |
|---|---|
| ०२/०८०/०८१ | ९ |

**३. निम्न माध्यमिक तह**

| विज्ञापन नं. | विषय | संख्या |
|---|---|---|
| ०३/०८०/०८१ | नेपाली | ४ |
| ०४/०८०/०८१ | सामाजिक | १ |
| ०५/०८०/०८१ | गणित | २ |
| ०६/०८०/०८१ | विज्ञान | १ |

**४. माध्यमिक तह**

| विज्ञापन नं. | विषय | संख्या |
|---|---|---|
| ०७/०८०/०८१ | विज्ञान | ६ |
| ०८/०८०/०८१ | गणित | ४ |
| ०९/८०/०८१ | नेपाली | ४ |
| १०/०८०/०८१ | सामाजिक | २ |
| ११/०८०/०८१ | अंग्रेजी | ३ |

**१. आवश्यक न्यून्तम शैक्षिक योग्यता**
- क. **बालविकास** - मान्यता प्राप्त शिक्षण संस्थाबाट S.L.C. वा सो सरह उत्तिर्ण गरेको ।
- ख. **प्राथमिक तह** – मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरि शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको।
- ग. **निम्न माध्यमिक** – मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह परीक्षा उत्तिर्ण गरि शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको।
- घ. **माध्यमिक तह** - मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरह परीक्षा उत्तिर्ण गरि शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको।

**२. आवश्यक र अन्य कागजातहरु**
- क. सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्र ।
- ख. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
- ग. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।
- घ. १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ ।
- ङ. उम्मेदवारको निवेदन ।
- च. यस गा.पा.अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत निजि स्रोतका शिक्षकहरुको लागी उमेरको हद लाग्ने छैन । (५८ वर्ष पुरा नभएको)
- छ. वैदेशिक शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा सम्कक्षता प्रमाण पत्रको प्रतिलिपि ।
- ज. दरखास्त फारम साथ पेश गरिएका सम्पूर्ण प्रमाणपत्रका प्रतिलिपिहरुमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरेको हुनु पर्ने छ ।
- झ. हालसाल खिचिएको पासपोर्ट साईजको फोटो – २ प्रति
- ञ. **परिक्षा दस्तुरः-** वालविकासका लागि रु.५००,प्रा.वि. तहको रु ६००,नि.मा.तह रु. ८०० मा.वि. तह रु.१००० यस कार्यालयको राजश्व खाता नं.०५३०७६८२९४००१९ र खाताको नाम (ग.१-१ आन्तरिक राजश्व खाता प्रसौनी ) हिमालयन बैंकको शाखा कार्यालय प्रसौनीमा जम्मा गरेको बैंक भौचर तथा बुझाएको रसिद ।

**३. परीक्षाको किसिमः**- क) लिखित परिक्षा (सामान्य र विषयगत) ख) अन्तरवार्ता ग) प्रयोगात्मक

**४. परीक्षा मितिः**- पछि प्रकाशित गरिनेछ ।
**५. पाठ्यक्रमः**- शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम ।
**६. तलब तथा सेवा सुविधाः**- प्रसौनी गाउँपालिकाको कार्यालयले तोके बमोजिम ।
**७. आवेदन बुझाँउने स्थानः**- प्रसौनी गाउँपालिकाको शिक्षा शाखा (आवेदन फारम यसै शाखा बाट प्राप्त गर्न सकिनेछ)
**८. आवेदन दिने अन्तिम मितिः**-२०८०/०५/०३ गते कार्यालय समय भित्र।
**१०. करार अवधिः**-२०८१ अषाढ मसान्त सम्म। ( आवश्यकता अनुसार पून म्याद थप गरिनेछ ।)

श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय
Shree Nepal Rastriya Secondary school
कोल्हवी न.पा. ०३ , जुअवा ( बारा )
Kolhabi–3, Juawa - Bara )
स्था. २०१६
Est. 2016

मिति :- २०८०/०४/२०

**शिक्षक आवश्यकता**

प्रस्तुत विषयमा कोल्हवी नगरपालिकाको च. नं. १७ मिति २०६०।०४।०३ गतेको प्राप्त पत्र अनुसार यस विधालयको लागि मा.वि. तहको विज्ञान विषय नगर शिक्षक अनुदान कोटामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट तपशिल अनुसारका रीतपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**विज्ञापन नम्बर :- ०१/२०८०/०८१**
पद :- शिक्षक
तह :- माध्यमिक
विषय :- विज्ञान
संख्या : १ (एक)
नियुक्तिको किसिम :- अस्थायी करार
शैक्षिक योग्यता :- सम्बन्धित विषयमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह ( B.Sc ) वा सो सरह उत्तीर्ण ।
दरखास्त दिने अन्तिम मिति :- २०८० / ०५/०३ गते विधालय समयभित्र
तलब सुबिधा :- कोल्हवी नगरपालिकाले तोके बमोजिम
दरखास्त दस्तुर :- रु १,५००/- ( एक हजार पाँच सय )
परीक्षाको किसिम :- लिखित र मौखिक
सम्पर्क मिति :- २०८०/०५/०४ गते
परीक्षा मिति :- सम्पर्क मितिमा तोकिने छ ।
आवश्यक कागजात :- शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र सम्बन्धित तहको अध्यापन अनुमतिपत्रको प्रतिलिपी थान १/१,
सम्पर्क नम्बर : - ९८४५५५३२७३,९८१२२४१६०७

नरेन्द्र कुमार
प्रधानाध्यापक

# वीरगंजमा जिउँदो मानिसको मृत्यु दर्ता बनाएर सम्पत्ति बिक्री गरेको रहस्य बाहिरियो

*वीरगंज, २० साउन ।* वीरगंजमा श्रीमतीले जिउदो श्रीमानको मृत्यु दर्ता बनाएर सम्पती बिक्री गरेको घटना बाहिरिएको छ । वीरगंज महानगरपालिकाको वडा नं. २ छपकैया निवासी भोला पासीको नाममा रहेको जग्गा श्रीमती सिमा पासीले मृत्यु दर्ता बनाएर बिक्री गरेको आरोप लागेको हो । १२ बर्षपछि आफ्नो घर फर्केका भोलीका परिवारजनले त्यस्तो आरोप लगाएका हुन् । १२ बर्ष भन्दा बढी अवधिदेखि हराइरहेका भोला बिहीवार बिहान ९ बजे घर फर्केपछि यस्तो घटना सार्वजनिक भएको हो । १२ बर्ष अघि उनकी पत्नी सीमा पासी ५ वर्षीय छोरा र ८ वर्षीया छोरीलाई लिएर पोइलो गएकी थिइन् । सोही टोलका समसाद अलिसँग पोइलो गएकी सीमालाई अहिले पुनः वीरगंज मै बस्दै आएकी छन् । शुरूमा सीमा र समसाद भारतको दिल्ली भागेका थिए । उनी हाल १८ वर्षीय छोरीसँग वीरगंजमा बस्दै आएकी छन् । आफनी पत्नीलाई खोज्दै भारत गएका भोलापछि मानसिक अवस्था गुमेपछि हराएका थिए । पहिले उनको मानसिक अवस्था ठीक नहुँदा घर फर्केका थिएनन् । तर केही महीनायता मानसिक अवस्थामा सुधार आएपछि आफू वीरगंज आएको उनले बताए । पत्नी सिमाले २०७८ सालमा पति भोलाको वडा नं २ बाट मृत्युदर्ता प्रमाणपत्र बनाइ अंशमा उनको एक कट्ठा ४ धुर जग्गा पनि हत्याएको परिवारजनले आरोप लगएका छन् । परिवारजनका अनुसार वीरगंजको वडा नं. १ छपकैया मै रहेको एउटा १८ धुर र एउटा ६ धुर जग्गा श्रीमती सिमाले हत्याएकी हुन् । सो जग्गाबाट उनी बिक्री समेत गरेको परिवारजनको आरोप छ । भारतको कोलकातामा बस्दै आएका भोला बिहिबार एकासी घर फर्केपछि यस्तो कुराहरु खुलेका हुन् । भोलाकी आमा जिउँदै रहेपनि उनलाई जानकारी नै नदिई सिमाले श्रीमानको मृत्यु दर्ता बनाएर उनको नाममा रहेको सम्पती हत्याउन सफल भएकी परिवारजनको भनाई छ । जिउँदो मानिसको मृत्युदर्ता प्रमाणपत्र बनाइ सम्पत्ति हिनामिना गरेका सबैलाई छानबीनको दायरामा ल्याइ आवश्यक कारबाही गर्न परिवारजनले माग समेत गरेका छन् । १२ बर्षपछि घर फर्केका भोलाको शान्ति सुरक्षाको माग गर्दै परिवारजनले जिल्ला प्रहरी कार्यालयमा लिखित निवेदन समेत दर्ता गराएका छन् । मृत्यु दर्ता बनाइसकेका घर फर्केका भोलाको ज्यानको खतरालाई मध्यनजर गर्दै उनका परिवारजनले शान्ति सुरक्षाको निवेदन दिएका हुन् । परिवारजनले मृत्यु दर्ता प्रमाण पत्र बनाउने कार्यमा संलग्न सबै जनाको विरुद्ध कारवाहीको माग गर्दै उजरी दर्ता गराउन पनि तयारी गरेका छन् । (बिरगंज टाईम्स)

झुल लगाऔं
लामखुट्टेबाट बचौं।

# सूचना

- = नियमित कर तिरौं, सभ्य नागरिक बनौं ।
- = कृषि तथा पशु व्यवसायमा लगानी लगाउ ।
- = घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं।
- = अपाङ्गता परिचयपत्रको लागी महिला बालबालिका शाखामा सम्पर्क गरौं ।
- = दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं र दर्ता गरीसकेका व्यवसायलाई सुचिकृत गरौं ।
- = बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।
- = भवन मापदण्डको पालना गरौं, सुरक्षित भविस्य निर्माण गरौं ।

आदर्श कोतवाल गाउँपालिका
च्युटाहा , बारा

# जिप चालकसित घूस लिने दुई प्रहरी निलम्बित

*रौतहट, २० साउन ।* रौतहटको राजमार्गमा जिप चालकसित घूसको रकम लिएको आरोपमा दुई प्रहरी निलम्बनमा परेका छन् । ड्युटीमा रहेका प्रहरी र ट्राफिक जवानले चालकसित अवैध रकम लिएको भिडियो समाजिक सञ्जालमा आएपछि प्रहरी प्रधान कार्यालयको निर्देशनमा रौतहट र सर्लाहीका दुई प्रहरीलाई शुक्रबार साँझ निलम्बन गरेको हो । निलम्बन पर्नेमा रौतहटको इलाका प्रहरी कार्यालय गरुडा अन्तर्गतको प्रहरी चौकी हर्षाहामा कार्यरत प्रहरी जवान सुनिलकुमार यादव र मधेश प्रदेश राजमार्ग ट्राफिक कार्यालय पथलैया बारा अन्तर्गतको सर्लाहीस्थित वाग्मती पोष्टमा कार्यरत ट्राफिक प्रहरी जवान विकाश कलवारलाई निलम्बन गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ । प्रहरी महानिरीक्षक बसन्त कुँवरले दुवै प्रहरी जवानलाई रकम लिएको आरोपमा निलम्बन गरेको पुष्टि गरे । 'संगठनविरुद्ध गलत आचरण गर्ने जो कोहीलाई कारबाही हुन्छ,' उनले भने, 'दुवै जवानले अनैतिक ढंगले संगठनको मर्यादा विपरीत चालकसित रकम लिएको बारे अनुसन्धान गर्न निर्देर्शन दिएको छु ।' जिप चालक रौतहटका सिकन्दर पटेलसित जवान यादवले हर्षाह र

(बाँकी तेश्रो पेजमा)